जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३६ अंक १६ २०८३ साल साउन १९ गते मंगलबार (4 Aug 2026 Tuesday) मूल्य रु. ५/-

**बाढी/पहिरोबाट सतर्क रहौं ।**

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : हिमाल चढ्ने रहर, सुरक्षित. ३ पृष्ठमा : नदी तटीय क्षेत्रमा बाघको... ३ पृष्ठमा : सैन्य 'कू' पछि पहिलो पटक...

## 'ज्वाइन्ट अपरेसन सेल' ले प्रदर्शनका क्रममा भिडलाई उक्साउने कार्यमा संलग्न दशजनालाई नियन्त्रणमा लियो

**दैनिक समाचारदाता**
**राजविराज, १८ साउन ।**

जिल्ला प्रशासन कार्यालय सप्तरीका शाखा अधिकृतको संयोजकत्वमा गठित 'ज्वाइन्ट अपरेसन सेल' ले उत्तेजक भिडियो, अडियो तथा सूचना फैलाउने तथा विरोध प्रदर्शनको क्रममा भिडलाई उक्साउने कार्यमा संलग्न १० जना व्यक्तिहरुको पहिचान गरि आवश्यक सोधपुछ पश्चात् सम्झाई बुझाई गरि छाडिएको छ ।




सुनसरीको देवानगञ्ज गाउँपालिका ३ कप्तानगञ्जमा भएको झडपको विषयलाई लिएर सामाजिक सञ्जालमा उत्तेजक, भ्रामक तथा अनर्गल सामग्री सम्प्रेषण गर्ने १० जना व्यक्तिहरूको पहिचान गरि आवश्यक सोधपुछ पश्चात् सम्झाई बुझाई गरि छाडिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरिक्षक एवं प्रवक्ता हेमराज घिमिरेले जानकारी दिएका छन् ।

उनका अनुसार प्रशासन कार्यालयका शाखा अधिकृत सन्तोष रायको संयोजकत्वमा साउन १० गते गठित उक्त सेलले पहिचान भएका १० जनामध्ये ७ जनालाई सामाजिक सञ्जालमा पोस्ट गरेका भ्रामक सामग्रीहरू हटाउन लगाइएको छ भने तीन जनालाई नियन्त्रणमा लिई आवश्यक सोधपुछ तथा छानबिन गरिएको थियो ।

नियन्त्रणमा लिइएका मध्ये तिरहुत गाउँपालिका ४ डिमन टोलका २३ वर्षीय जफिर मियाँ र रुपनी गाउँपालिका १ का ३९ वर्षीय मुकेश यादवलाई आवश्यक सोधपुछ र सम्झाई-बुझाई गरी छाडिएको उनको भनाई छ ।

छिन्नमस्ता गाउँपालिका ३ का आनन्द चौधरी, हनुमाननगर कंकालिनी नगरपालिका १४ का राम कुमार महतो, राजविराज ६ का विशाल चौधरी, राजदेवी ड्राइभिङ सेन्टरका सञ्चालक आशिष यादव, सुरुङ्गा नगरपालिका १० का दिपेश कुमार यादव रहेका छन् ।

त्यस्तै सुनसरी हरिनगर गाउँपालिका ६ का असिम अन्सारी हाल वैदेशिक रोजगारीको सिलसिलामा कतारमा र राजविराज ७ का सिनु साह टर्कीमा रहेको समेत पहिचान भएको छ ।

यस्तै साउन १७ गते नियन्त्रणमा लिइएको राजविराज नगरपालिका ६ बस्ने २० वर्षीय छोटु कुमार मेस्तरलाई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय सप्तरीको हिरासतमा राखिएको प्रशासनले जनाएको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

## घटनाको सत्यतथ्य छानविनका लागि उच्चस्तरीय न्यायिक छानवीन समिति गठन हुनुपर्छ : डा. यादव




**दैनिक समाचारदाता**
**राजविराज, १८ साउन ।**

जनअधिकार पार्टीका राष्ट्रिय अध्यक्ष डा. शरतसिंह यादवले घटनाको सत्यतथ्य छानविनका लागि उच्चस्तरीय न्यायिक छानवीन समिति गठन हुनुपर्ने मागसहित भविष्यमा यस्ता घटना पुनः दोहोरिन नदिन आवश्यक दिर्घकालिन र रणनीति बनाउनुपर्ने सरकारलाई सुझाव दिएका छन् ।

सोमबार राजविराजमा पत्रकार सम्मेलनको आयोजना गरी उनले सो माग गर्दै सरकारलाई यस्तो सुझाव दिएका हुन् ।

प्रधानमन्त्री बालेन साह संघीयता बलियो बनाउने पक्षमा रहेपनि उनकै दलका केही नेता समेत विपक्षमा रहेकाले ती नेताहरुको उक्साहटमा यस्तो दुःखद घटना हुन गएको उनले आरोप समेत लगाए ।

उनले संघीयताको जननी नै मधेश भएको भन्दै मधेशबाटै संघीयताको जग कमजोर पार्ने रणनीतिका साथ सुनसरी र सिरहामा हिंसात्मक घटना गराइएको दावी गरे ।

सुनसरी र त्यसपछि सिरहामा घटनास्थलका प्रत्यक्षदर्शी र मृतकका आफन्तहरुलाई भेटेर गृहनगर राजविराज फर्किएका डा. यादव यादवले मुलुकमा अशान्ति मचाउने र संघीयता कमजोर पार्ने खेलमा लागेका विरुद्ध सबै सचेत हुनुपर्नेमा जोड दिए ।

उनले सुनसरीमा भएको हिंसात्मक घटना लगत्तै सरकारले देखाउनुपर्ने सक्रियतामा ढिलाई हुँदा मधेशभर हिंसा फैलिएको जिकिर गरे । "अब दशैं तिहार र छठ

*बाँकी अन्तिम पृष्ठमा*

## सप्तरीको दुबै पालिकाबाट निषेधाज्ञा हटाइयो, बजार पुरानै लयमा फर्किन थाल्यो



**दैनिक समाचारदाता**
**राजविराज, १८ साउन ।**

सुनसरी र सिरहामा भएको हिंसात्मक घट्नापछि उत्पन्न तनावका कारण अशान्त बनेको सप्तरी जिल्लाको दुई पालिकामा लगाइएको कर्फ्युपछि निषेधाज्ञा पनि सोमबारदेखि हटाइएको छ ।

स्थिति सामान्य बन्दै गएपछि स्थानिय प्रशासनले दुई दिनदेखि लगाएको कर्फ्यु हटाई निषेधाज्ञा जारी गरेको थियो । अवस्था पूर्ण रुपमा सामान्य भएपछि सोमबार बिहानदेखि निषेधाज्ञा पनि हटाइएको प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाले जानकारी दिए ।

निषेधाज्ञा हटाएसंगै बजार पुरानै लयमा फर्किन थालेको छ । आन्दोलनकर्ताले पाँच दिन अघि दुई दिन लगातार बजार बन्द गरी प्रदर्शन उग्र बनाएपछि स्थानिय प्रशासनले जिल्लाको राजविराज नगरपालिका र बोदेबरसाईन नगरपालिकामा दुई दिन सम्म कर्फ्यु जारी गरेको थियो ।

लगातार पाँच दिन बजार र यातायात बन्द हुँदा सर्वसाधारणको दैनिकी कष्टकर बनेको थियो । स्थिति पुर्ण रुपमा नियन्त्रणमा रहेको सुरक्षा विश्लेषणको आधारमा निषेधाज्ञा पनि हटाइएको स्थानिय प्रशासनद्वारा जारी सूचनामा उल्लेख छ ।

निषेधाज्ञा हटाए संगै विगत पाँच दिन बन्द रहेका यातायात र बजार पुनः सञ्चालनमा आएका छन् । सुनसान रहने रहने गरेको सडकमा सवारी साधनहरु संचालन भएका छन् भने बजारमा चहल पहल बढेको छ ।

गत शुक्रबार गृहमन्त्री सुधन गुरुङ र पीडित परिवारबीच लिखित सम्झौता

*बाँकी अन्तिम पृष्ठमा*

**विषाक्त च्याउ नखाऔंः सुरक्षित बनौं**

- जंगली च्याउ खानुअघि यसको पहिचान र सुरक्षाबारे सुनिश्चित गरौं,
- अपरिचित च्याउ टिप्ने र खानेबानी त्यागौं,
- विषालु च्याउको प्रयोगबाट हुने स्वास्थ्य जोखिमबारे सचेत बनौं,
- च्याउ खाएपछि असहज लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- स्थानीय स्तरमा च्याउ विषाक्तता सम्बन्धी जनचेतना फैलाऔं,
- सुरक्षित र पहिचान भएको खाद्य पदार्थ मात्र सेवन गरौं।

विषालु च्याउ खाँदा स्वास्थ्यमा ठूलो जोखिम हुन सक्छः सावधानी अपनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### मलको अभाव- किसानको पीडा कहिलेसम्म ?

सप्तरी कृषि उत्पादनका दृष्टिले मधेश प्रदेशको एक महत्वपूर्ण जिल्ला हो । यहाँका अधिकांश नागरिकको जीविकोपार्जन खेतीपातीमा निर्भर छ । तर हरेक वर्ष धान तथा गहुँ खेतीको मुख्य समयमा रासायनिक मलको अभाव दोहोरिने समस्याले किसानलाई गम्भीर संकटमा पार्दै आएको छ । यस वर्ष पनि डीएपी र युरिया मलको अभावका कारण सप्तरीका किसान समयमै खेती गर्न नपाई चिन्तित छन् । मलको अभावले किसानको उत्पादन लागत बढाएको छ भने समयमै मल नपाउँदा बालीको उत्पादन घट्ने जोखिम पनि बढेको छ । कतिपय किसान निजी बजारमा चर्को मूल्य तिरेर मल किन्न बाध्य छन् भने केहीले सीमापारबाट अनधिकृत रूपमा मल ल्याउनुपर्ने अवस्था भोगिरहेका छन् । यस्तो अवस्थाले किसान मात्र होइन, समग्र कृषि अर्थतन्त्र र खाद्य सुरक्षामै नकारात्मक प्रभाव पार्छ ।

सरकारले मल मौज्दात रहेको दाबी गरे पनि वास्तविक किसानसम्म समयमै मल पुग्न नसक्नु वितरण प्रणालीको कमजोरी हो । अन्तर्राष्ट्रिय बजारमा मूल्यवृद्धि, आयातमा ढिलाइ तथा व्यवस्थापनको अभावले समस्या झन् जटिल बनेको छ । अब सरकारले प्रत्येक खेती सिजनअघि नै पर्याप्त मलको सुनिश्चितता गर्नुपर्छ । पारदर्शी र प्रभावकारी वितरण प्रणाली लागू गर्दै कालोबजारी नियन्त्रणमा कडाइ गर्न आवश्यक छ । साथै, स्थानीय तह, सहकारी संस्था र कृषि निकायबीच समन्वय बढाई किसानलाई समयमै मल उपलब्ध गराउने व्यवस्था हुनुपर्छ । दीर्घकालीन रूपमा प्राङ्गारिक मलको उत्पादन र प्रयोगलाई पनि प्रोत्साहन गर्न जरुरी छ ।

किसान खेती गर्ने समयमा मलका लागि लाइनमा उभिन बाध्य बनाउने अवस्था कुनै पनि दृष्टिले स्वीकार्य हुन सक्दैन । किसानको समस्या समाधान गर्नु भनेको देशको कृषि, अर्थतन्त्र र खाद्य सुरक्षाको भविष्य सुरक्षित गर्नु हो । त्तसर्थ मल अभावको समस्या तत्काल र स्थायी रूपमा समाधान गर्नु आजको अपरिहार्य आवश्यकता हो ।


**बाढी/पहिरोबाट सतर्क रहौं ।**

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**


# हिमाल चढ्ने रहर, सुरक्षित फर्कने चुनौती

**राजु सिलवाल**

काठमाडौँ, १८ साउन (रासस) ।

विश्वमा तीव्र गतिको आरोहणमा विशिष्ट पहिचान बनाउन सफल निम्स दाइको नामले परिचित कीर्तिमानी आरोही निर्मल पुर्जासहित नेपाली तथा अन्य मुलुकका १० पर्वतारोहीको पाकिस्तानस्थित 'ब्रोड पिक' हिमालमा हिमपहिरोमा परी दुःखद निधन भएपछि हिमालमा सुरक्षासम्बन्धी सन्दर्भ बहसको विषय बन्न पुगेको छ । निर्मल पुर्जाका सहयात्री पुरबहादुर गुरुङ युक्ताले सगरमाथा १० पटक आरोहण गर्नुका साथै विश्वका आठ हजार मिटर अग्ला १२ वटा हिमाल चढिसकेका थिए । यसपालि पनि हिमालमा ज्यानको बाजी थाप्दै कठोर परिस्थितिको सामना गर्दै आएका यी साहसीको प्रकृतिका अघि कुनै जोर चलेन । यो घटनाले विश्वमै हिमाली गतिविधिको केन्द्र मानिएको नेपाल जस्तो मुलुकलाई अझ बढी क्षति पुर्‍याएको छ ।

विगतमा झण्डै आठ वर्ष लगाएर विश्वका आठ हजार मिटरभन्दा अग्ला १४ वटा हिमालको आरोहण गरी दक्षिण कोरियाका किम चाङ होले बनाएको विश्व कीर्तिमान छ महिना छ दिनमै भङ्ग गर्न सफल आरोही निर्मल पुर्जाका लागि आठ हजार ४७ मिटर अग्लो ब्रोड पिक हिमाल कुनै नौलो थिएन । उनले १० नेपालीसँगै हिउँदमा पहिलोपटक विश्वको दोस्रो अग्लो शिखर के टू हिमाल चढेर विश्व कीर्तिमान स्थापित गरेका थिए । उनले अन्य थुप्रै विश्व कीर्तिमानहरू समेत बनाइसकेका छन् । त्यस्ता अनुभवी पर्वतारोहीको हिमालमै अवसान हुनु सामान्य प्रसङ्ग होइन । सोही दुर्घटनामा अन्य अनुभवी आरोहीले पनि हिमालमै प्राण त्याग्नु परेको थियो ।

नेपालका हिमालहरू कैयौं दशक अघिदेखि नै विश्वभरिका पर्वतारोही तथा साहसिक पर्यटकहरूका लागि आकर्षक गन्तव्य बन्दै आइरहेका छन् । हरेक वर्ष हजारौं स्वदेशी तथा विदेशी आरोहीहरू विश्वको सर्वोच्च शिखर तथा अन्य विभिन्न हिमाल आरोहणमा संलग्न हुने गरेका छन् । पर्वतीय पर्यटनबाट मुलुकले उल्लेखनीय आर्थिक लाभ प्राप्त गरिरहेको छ तर हिमालप्रतिको बढ्दो आकर्षणसँगै हिमाली क्षेत्रमा दुर्घटनामा परेर कैयौं पर्वतारोहीले ज्यान गुमाएका छन् । गत वसन्त ऋतुमा सगरमाथा र मनास्लु हिमालमा गरी सात जनाको निधन भएको थियो । यस्तै मौसमजन्य जोखिम, उद्धारको चुनौती र उचित सुरक्षा व्यवस्था पनि गम्भीर मानिएका छन् । हिमाललाई सुरक्षित गन्तव्यका रूपमा स्थापना गर्न जोखिमप्रतिको सचेतता तथा प्रभावकारी सुरक्षा प्रणाली अपरिहार्य बनेको छ ।

**सुरक्षाका उपायहरू**

हिमालमा पर्वतारोहीको सुरक्षाका लागि योग्यता र अनुभव महत्वपूर्ण मानिएको छ । पर्वतारोहीले पर्वतारोहणसम्बन्धी तालिम अनिवार्य रूपमा हासिल गरेको हुनुपर्ने तथा निश्चित उचाईका हिमाल आरोहण गरेपछि मात्र उच्च हिमाल चढ्ने अनुमति दिने व्यवस्था हुनु आवश्यक छ । प्रस्तावित पर्यटन विधेयकमा सगरमाथा आरोहणका लागि सात हजार मिटरभन्दा अग्लो कुनै नेपाली हिमाल आरोहण गरेको प्रमाणपत्र अनिवार्य रूपमा पेस गर्नुपर्ने व्यवस्था गरिएको छ । आरोहण अनुमति पाउन स्वास्थ्य अनुमतिपत्र पनि अनिवार्य गरिएको छ ।

मौसमको भरपर्दो पूर्वानुमानको व्यवस्था, गुणस्तरीय उपकरणको प्रयोग पनि महत्वपूर्ण मानिन्छ । खोज तथा उद्धार टोलीलाई चौबिसै घण्टा सजग राख्दै सञ्चार प्रणालीलाई प्रभावकारी बनाउनुपर्छ । यस्तै सरकारी नीति नियम लागू गर्न सम्बन्धित निकायको सक्रियता पनि आवश्यक पर्दछ । यसक्रममा सुरक्षा मापदण्ड पालना नगर्नेलाई तत्काल कारबाही गर्न पछि पर्न हुँदैन ।

**'ट्राफिक जाम'को सन्दर्भ**

सगरमाथामा बेलाबखत 'ट्राफिक जाम' अर्थात् एकैपटक धेरै आरोहीहरूको भीड हुने गरेको सन्दर्भ पनि उठ्ने गर्दछ । एकै समयमा सगरमाथाको शिखरतर्फ प्रस्थान गर्ने मार्गमा आरोहीहरू भीड लागेको तस्बिर सार्वजनिक भएका छन् । यसै क्रममा सगरमाथालगायतका हिमालको बहन क्षमताबारे पनि चर्चा हुन थालेको छ । गत वसन्त ऋतुमा सम्पन्न पर्वतारोहण गतिविधि सम्बन्धमा केही दिनअघि आयोजित समीक्षात्मक छलफलमा सगरमाथालगायतका हिमालमा एकै याममा कति आरोहीलाई आरोहण गराउन सकिन्छ गहिरो र यथार्थपरक अध्ययनको आवश्यकता रहेको औँल्याइएको थियो ।

हिमालमा व्यवस्थापन गर्ने विषयमा विज्ञहरू भूगर्भविद्लगायतको सल्लाह र सुझावमा राज्यले नीति स्पष्ट पार्नुपर्ने अवस्था देखिएको छ । सगरमाथामा निर्धारित समयभित्र 'रोप फिक्सिङ' गरी शिखरसम्म जाने बाटो खुल्ला गर्न सकिएमा जति धेरै आरोही भए पनि फरक नपर्ने धारणा पनि सो कार्यक्रममा व्यक्त भएको थियो । हिमाल आरोहणबाट सरकार तथा व्यवसायी एवं श्रमिकहरूलाई फाइदा हुने हुँदा यसलाई ट्राफिक जामसँग तुलना गर्न नहुने तर्क पनि रहेको छ ।

**हेलिकोप्टरको तयारी**

विदेशी आरोहीहरू विभिन्न कीर्तिमान कायम गर्ने लक्ष्यका साथै सुरक्षित हिमाल आरोहणका लागि नेपाल आउन गरेका छन् । नेपालका अनुभवी तथा भरपर्दा पथप्रदर्शकहरू विदेशी आरोहीहरूका लागि प्रमुख आकर्षण बन्दै आएका छन् । नेपालमा आरोहण गर्न आउँदा हिमालमा २३ हजार फिटसम्म कुनै आपत्कालीन अवस्था परेमा हेलिकोप्टरबाट पनि उद्धार गर्न सकिने व्यवस्था भएकाले आरोहण अभियान सञ्चालनकर्ताहरू ढुक्क हुने गरेका छन् । हिमाली भेगमा हेलिकोप्टरबाट उद्धार गरिने 'लाइफलाइन रेस्क्यू'का लागि सीमित मात्रामा भए पनि उपकरण तथा जनशक्तिको उपलब्धताले पर्वतारोहीहरूलाई राहतको अनुभूति गराउने गरेको छ ।

विदेशमा यस्तै उद्धार गरिँदा पचासौँ हजार डलर लागत पर्नेमा नेपालमा सुलभ मूल्यमा उद्धार गर्न सकिने अवस्था रहेको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणले हेलिकप्टरमा दुईजना पाईलटको व्यवस्था गरेपछि हेलिकोप्टरको क्षमता भएतापनि १८ हजार फिटभन्दा माथि एकजनाको मात्र उद्धार गर्न पाउने अवस्था रहेको छ ।

**हिमालमै ज्यान गुमाएकाहरू**

हिमालमा आरोहणका क्रममा निधन भएका आरोही तथा अन्य सहयोगीहरूको शव अहिले पनि विभिन्न हिमालमा देख्न सकिन्छ । शव उठाउने काम पनि उद्धार नै भएकाले त्यसलाई सहज बनाउनुपर्ने देखिएको छ । यसका लागि स्पष्ट नीतिको आवश्यकता महसुस गरिएको छ । सर्वोच्च अदालतले सगरमाथाको दोस्रो शिविरभन्दा माथिबाट हेलिकप्टरले मानवीय उद्धार मात्र गर्ने गरी आदेश दिएकाले मृतक आरोहीको शव ल्याउन कठिनाई भइरहेको छ । मृत शरीरलाई बेग्लै ढाँचा वा इन्सुरेन्सको प्याकेजबाट ल्याउन पहल गर्नु आवश्यक देखिएको छ ।

**घट्दो पथप्रदर्शक**

नेपालका हिमालप्रति आकर्षित भएर आउने विदेशी आरोहीहरूको सङ्ख्या बढे पनि त्यस्ता आरोहीलाई हिमाल चढ्दा बाटो देखाउने नेपाली पथप्रदर्शकहरूको सङ्ख्या भने दिनहुँ घटिरहेको छ । नेपाली युवाहरूको विदेशप्रतिको आकर्षणले पर्वतारोहण क्षेत्रमा पनि जनशक्ति घट्दै गएको छ । हिमालमा विभिन्न पेसामा काम गरी विदेश गएकाहरू कैयौँ अन्य पेसामा समेत आबद्ध हुन पुगेको अवस्था रहेको छ भने केही नेपाली पथप्रदर्शकले विदेशका विभिन्न हिमालमा आरोहीहरूलाई मार्गनिर्देशन गर्ने कार्य गर्दै आइरहेका छन् । आगामी दिनमा पर्वतीय पथप्रदर्शकलगायत हिमालमा काम गर्ने अन्य श्रमिकहरू उचित मात्रामा उत्पादन गरेर यो क्षेत्रमा विदेशी श्रमिक भित्रिनसक्ने सम्भावनालाई रोक्नुपर्ने आवश्यकता महसुस गरिएको छ ।

**धेरैपछि तालिम सञ्चालनको पहल**

नेपाल पर्वतारोहण सङ्घले लामो समयदेखि पर्वतारोहीहरूका लागि आधारभूत र एडभान्स ( विशिष्टीकृत) प्रशिक्षण प्रदान गर्दै आइरहेको थियो । हिमाल चढ्न अभिरुचि राख्नेहरूका लागि ती तालिमहरू अत्यन्त उपयोगी सावित मानिन्थ्यो तर कोभिड महामारीको विश्वव्यापी प्रकोपपछि यस्ता तालिम पुनः सञ्चालन हुन सकेका छैनन् । यसको असर पर्वतारोहणमा समेत पर्न गएको छ । यस्ता प्रशिक्षण नियमित रूपमा सञ्चालन गर्न सरकारले पनि सघाउनुपर्ने देखिएको छ । विगतमा मनाङमा रहेको पर्वतारोहण प्रशिक्षण स्कुलमा यस्ता तालिम दिने गरिएको थियो । त्यो स्कुलको भवन जीर्ण भएकाले पुनःनिर्माण गरेर फेरि तालिम सञ्चालन गर्न आवश्यक तयारी गरिएको छ । यो वर्ष एउटा तालिम सञ्चालन गरिने लक्ष्य राखिएको छ ।

नेपालका हिमालहरू राष्ट्रिय गौरवका आधार हुन् तर हिमालप्रतिको आकर्षणलाई मात्र केन्द्रविन्दुमा राखेर यसको दिगोपन सुनिश्चित हुन सक्दैन । बढ्दो आरोहण गतिविधिसँगै आरोही तथा आरोहणमा संलग्न अन्य सहयोगीहरूको सुरक्षाप्रति सचेत हुनु अत्यावश्यक देखिएको छ । संसारका विभिन्न मुलुकबाट नेपाललाई रोज्दै हिमाल चढ्न आएका आरोहीहरूलाई साहसिक अभियान सम्पन्न भएपछि सकुशल घर फर्काउने जिम्मेवारी समग्रमा नेपालकै हो ।

यस्तै आफ्नो ज्यान समेत जोखिममा राखेर अतिथिलाई सघाउँदै आएका साहसी नेपाली सहयोद्धाको सुरक्षा पनि त्यति नै महत्वपूर्ण हुन्छ । यसैले जिम्मेवार पर्यटन संस्कृतिलाई महत्व दिनु समयको माग हो । हिमालले अवसर मात्र नभई जिम्मेवारी पनि साथै ल्याउने तथ्यलाई सबै सरोकारवालाले आत्मसात् गर्नसके मात्र हिमाली पर्यटन सुरक्षित र दिगो बन्न सक्दछ ।

# नदी तटीय क्षेत्रमा बाघको संख्या धेरै

**भीष्मराज ओझा**
काठमाडौं, १८ साउन (रासस)।

नेपालमा तुलनात्मक रूपमा नदी तटीय क्षेत्रमा बाघको सङ्ख्या धेरै देखिएको छ।

'राष्ट्रिय बाघ सर्वेक्षण, २०८२' अनुसार चितवनको राप्ती र बर्दियाको कर्णाली नदी तटीय क्षेत्र वरपर बाघको सङ्ख्या धेरै रहेको पाइएको हो।

बाघको सङ्ख्या नदी तटीय क्षेत्रमा धेरै र मानव गतिविधि हुने वन क्षेत्रमा तुलनात्मक कम देखिएको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका वरिष्ठ इकोलोजिष्ट हरिभद्र आचार्यले जानकारी दिनुभयो।

"चितवनको राप्ति नदी किनार क्षेत्रमा धेरै बाघ देखिएका छन्," उहाँले भन्नुभयो, "लालझाडी क्षेत्रमा भने वन अतिक्रमण, मानिसको आवतजावतलगायत कारणले होला बाघको उपस्थिति निकै कम देखियो।"

कृषि, वन तथा पर्यावरणले विश्व बाघ दिवसका अवसरमा गत बुधबार 'राष्ट्रिय बाघ सर्वेक्षण, २०८२' को नतिजा सार्वजनिक गरेको थियो।

पछिल्लो गणनाअनुसार नेपालमा बाघको सङ्ख्या ३५५ बाट बढेर ४२९ पुगेको छ। यस सर्वेक्षणमा विविध नयाँ र रोचक तथ्यहरू देखाएको छ।

पछिल्लो सर्वेक्षणअनुसार चितवन राष्ट्रिय निकुञ्जमा १४५, बर्दिया राष्ट्रिय निकुञ्ज ११२, पर्सा राष्ट्रिय निकुञ्जमा ७१, बाँके राष्ट्रिय निकुञ्जमा ५१ र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा ५० बाघ गणना गरिएका छन्।

यस सर्वेक्षणमा बाघको आहारा प्रजातिको समेत सर्वेक्षण गरिएको छ। उक्त अध्ययनअनुसार सबैभन्दा बढी आहारा प्रजातिमा चित्तल देखिएको छ। त्यसपछि जरायो, बाह्रसिङ्गे, बँदेल, लगुना, रतुवा मृगलगायत देखिएका छन्।

नेपालले २००९ देखि हरेक चार वर्षमा बाघ गणना गर्दै आएको छ। सन् २०२२ को गणनाअनुसार चितवनमा १२८, त्यसपछि बर्दियामा १२५, पर्सामा ४१, शुक्लाफाँटामा ३६ र बाँकेमा २५ बाघको सङ्ख्या रहेको थियो। यसअघि नेपालमा बाघको सङ्ख्या सन् २०१० मा १२१, सन् २०१४ मा १९८ र २०१८ मा २३५ रहेको थियो।

पछिल्लो सर्वेक्षणमा अर्को नयाँ विषय भनेको आफ्नो क्षेत्रमा आहारा प्रजाति हुँदाहुँदै पनि बाघको चलायमान लामो दूरीसम्म भएको देखियो," वरिष्ठ इकोलोजिष्ट आचार्यले भन्नुभयो, "बाघको चलायमान चितवनको कसरादेखि पर्साको अमलेखगञ्जसम्म एक महिना लामो भएको देखियो। यो चलायमान भाले बाघबीच क्षेत्रको प्रतिस्पर्धा वा पोथीको खोजी हुन सक्छ।" बाघलाई पारिस्थितिकीय प्रणालीको छाता प्रजातिका रूपमा लिइन्छ।

नेपालमा बाघ पर्सा, चितवन, बाँके, बर्दिया र शुक्लाफाँटा निकुञ्ज एवं वरिपरिका वन क्षेत्रमा पाइन्छ। यस सर्वेक्षणमा अर्को देखिएको नयाँ विषय भनेको भाले बाघको सङ्ख्या औसतमा ३४ प्रतिशत र पोथी बाघको सङ्ख्या ५३ प्रतिशत देखिएको छ। बाँकी छुट्टिन नसक्ने गरी केही तस्बिर कैद भएको विभागको भनाइ छ।

**मानव–बाघ द्वन्द्वको समाधान सहअस्तित्व**

जेडएसएल नेपालका राष्ट्रिय प्रतिनिधि डा भगवानराज दाहालले यस सर्वेक्षणबाट प्राप्त नतिजाले वासस्थान संरक्षण तथा व्यवस्थापन, चोरी–सिकार नियन्त्रण, आहारा प्रजातिको संरक्षण, जैविक मार्ग संरक्षण जस्ता प्रयासहरूको सकारात्मक परिणामलाई प्रतिबिम्बित गरेको बताउनुभयो।

सर्वेक्षणबाट प्राप्त तथ्याङ्कले बाघ तथा यसको बासस्थान संरक्षणसम्बन्धी आगामी नीति, योजना तथा कार्यक्रम निर्माणका लागि महत्वपूर्ण वैज्ञानिक आधार प्रदान गर्ने उहाँको भनाइ छ।

"यो सरोकारवाला सबैको संयुक्त प्रयासको प्रतिफल हो, अब यस्तो प्रयास मानव–बाघ सहअस्तित्वका लागि लगाउनु आवश्यक छ," उहाँले भन्नुभयो। राष्ट्रिय प्रतिनिधि डा दाहालले मानव–बाघ द्वन्द्व न्यूनीकरणका लागि समुदायको आयको वैकल्पिक व्यवस्था गर्नुपर्ने तथा बाघप्रतिको व्यवहार परिवर्तन गर्नुपर्ने सुझाव दिनुभयो। यसका साथै प्रकृतिमा बाघको धान्ने क्षमताका बारेमा नयाँ अध्ययन गर्नुपर्ने उहाँको भनाइ छ ।

आगामी दिनमा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहसँगको समन्वय र स्थानीय समुदायको प्रत्यक्ष संलग्नता तथा संरक्षण साझेदार संस्थाको समेत सहयोगमा मानव बाघ सहअस्तित्व, बाघ संरक्षण तथा बाघको आनीबानी सम्बन्धी सचेतना कार्यक्रम, समस्याग्रस्त बाघको समयमा पहिचान गरी नियन्त्रण, बाघमा आधारित पर्यापर्यटन जस्ता कार्यक्रममा केन्द्रित भई शून्य मानवीय क्षतिको अवधारणामा काम गर्ने सोच रहेको निकुञ्ज विभागले जनाएको छ।

वनमन्त्री गिता चौधरीले बाघको दिगो संरक्षणका लागि सङ्घ, प्रदेश, स्थानीय तह, समुदाय र साझेदारबीचको बहुपक्षीय प्रयास आवश्यक रहेको बताउनुभएको छ।


उहाँले स्थानीय समुदायको सहभागिता र स्वामित्व नै संरक्षणको आधारशिला भएको उल्लेख गर्दै संरक्षणसँगै यसको उपयोगितालाई पनि सरकारले प्राथमिकतामा राखेको जानकारी दिनुभयो।

बाघ पर्यटनमार्फत रोजगारी सृजना, आयआर्जन र सामुदायिक अपनत्व अभिवृद्धि गरी स्थानीय जीविकोपार्जनलाई सुदृढ बनाउन सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै मन्त्री चौधरीले सरकारले बाघ संरक्षण कार्ययोजना कार्यान्वयन गर्दै विभिन्न साझेदार सस्थाहरूको सहयोगमा बाघको बासस्थान तथा आहारा संरक्षणका लागि निरन्तर प्रयासहरू जारी राखेको बताउनुभयो।

बाघ नेपाललगायत भारत, चीन, बङ्गलादेश, भूटान, कम्बोडिया, लाओस, इन्डोनेसिया, मलेसिया, म्यान्मा, रसिया, थाइल्यान्ड र भियतनाम गरी एसियाका १३ देशमा मात्र पाइन्छ।

विश्वमा सन् २०१० मा करिब तीन हजार २०० को सङ्ख्यामा रहेको बाघको सङ्ख्या सन् २०२५ को तथ्याङ्कअनुसार बढेर पाँच हजार ३५७ पुगेको छ।

# लिट्मसको 'पावर पार्टनर्स मिट २०८३' सम्पन्न




**दैनिक समाचारदाता**
**काठमाडौं, १८ साउन।**

नेपालमा तार, केबल तथा कन्डक्टर उत्पादनमा अग्रणी लिट्मस इन्डस्ट्रिज लिमिटेडले आफ्नो चौथो 'पावर पार्टनर्स मिट २०८३' पोखरामा सम्पन्न गरेको छ।

कार्यक्रममा देशभरबाट करिब २०० च्यानल पार्टनरहरूको सहभागितामा उक्त 'पावर पार्टनर्स मिट २०८३' सम्पन्न भएको कम्पनीले जनाएको छ।

हरेक वर्ष आयोजना हुने यस्ता कार्यक्रमले कम्पनी र यसको डिलर नेटवर्कबीचको सहकार्यलाई अझ सुदृढ बनाउने, साझा उपलब्धिहरूको सम्मान गर्ने तथा आगामी रणनीतिक योजना बारे जानकारी आदान प्रदान गर्ने उद्देश्य राखेको थियो।

कार्यक्रममा लिट्मस इन्डस्ट्रिजको पाँच दशक भन्दा लामो यात्रालाई समेटिएको प्रस्तुति गरिएको थियो। सो क्रममा कम्पनीको विकास क्रम, बजार नेतृत्व, उत्पादन क्षमता, महत्वपूर्ण उपलब्धि तथा भावी रणनीति बारे जानकारी गराइएको थियो।

साथै, अत्याधुनिक प्रविधि, निरन्तर नवप्रवर्तन तथा विश्वस्तरीय उत्पादन मापदण्ड मार्फत उच्च गुणस्तरका उत्पादन उपलब्ध गराउने आफ्नो प्रतिबद्धतालाई कम्पनीले पुनः दोहोऱ्याएको छ।

डिलर नेटवर्कको योगदानको कदर गर्दै कम्पनीले उत्कृष्ट कार्यसम्पादनगर्ने १२ जना डिलरलाई विभिन्न विधामा सम्मान गरेको छ। राइजिङ स्टार, पेमेन्ट एक्सिलेन्स तथा प्रतिष्ठित लिट्मस एक्सिलेन्स अवार्ड सहितका विभिन्न विधामा पुरस्कार प्रदानगर्दै उत्कृष्टता, विश्वास र दीर्घकालीन साझेदारीको सम्मान गरिएको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै लिट्मस इन्डस्ट्रिजका प्रबन्ध निर्देशक रोहित गुप्ताले कम्पनीले गुणस्तरमा कहिल्यै सम्झौता नगर्ने स्पष्ट पार्दै भने, "लिट्मसका लागि गुणस्तर केवल प्राथमिकता होइन, हाम्रो ब्रान्डको आधार र प्रत्येक ग्राहकप्रति गरिएको प्रतिबद्धता हो। नेपालभर हाम्रो च्यानल पार्टनर नेटवर्कले हासिल गरेको उल्लेखनीय विस्तार प्रति हामी गौरवान्वित छौं। डिलरहरूको विश्वास र निरन्तर साथले हामीलाई नयाँ प्रविधि अपनाउन, उत्कृष्ट उत्पादन मापदण्ड कायम राख्न तथा नेपालको उज्ज्वल भविष्य निर्माणमा सँगै अघि बढ्न प्रेरित गरेको छ।"

कम्पनीका अनुसार लिट्मस इन्डस्ट्रिजको सफलता आफ्ना साझेदारहरू सँगको बलियो र दीर्घकालीन सम्बन्धमा आधारित छ। 'पावर पार्टनर्स मिट २०८३' ले साझा मूल्य सिर्जना, नवप्रवर्तनलाई प्रवर्द्धन तथा नेपालको विद्युतीय र पूर्वाधार क्षेत्रको दिगो विकासमा योगदान पुऱ्याउने कम्पनीको प्रतिबद्धतालाई थप सुदृढ बनाएको छ।

लिट्मस इन्डस्ट्रिज लिमिटेड नेपालकै सबैभन्दा ठूलो तार, केबल तथा कन्डक्टर उत्पादक कम्पनी हो। साथै, नेपालमा एल्युमिनियम तथा एलोय रड उत्पादन गर्ने एक मात्र कम्पनीका रूपमा स्थापित छ। पाँच दशक भन्दा लामो उत्पादन अनुभवसहित कम्पनीले पूर्वाधार, निर्माण, ऊर्जा तथा औद्योगिक क्षेत्रका लागि उच्च गुणस्तरका उत्पादन उपलब्ध गराउँदै आएको छ। अत्याधुनिक उत्पादन प्रविधि, निरन्तर नवप्रवर्तन तथा उच्च गुणस्तर मापदण्डलाई प्राथमिकतामा राख्दै कम्पनीले नेपालभर आफ्ना उत्पादनहरू उपलब्ध गराउनुका साथै क्षेत्रीय निर्यात बजारमा समेत आफ्नो उपस्थिति विस्तार गर्दै देशको औद्योगिक विकास र आर्थिक समृद्धिमा योगदान पुऱ्याउँदै आएको छ।

## विश्व समाचार

## सैन्य 'कू' पछि पहिलो पटक सु चीको विदेशी प्रतिनिधिसँग भेट

याङ्गुन, १८ साउन (रासस/एएफपी)।

म्यानमाको नजरबन्दमा रहेकी लोकतान्त्रिक नेतृ आङ सान सुचीले सोमबार अन्तरराष्ट्रिय रेडक्रस समिति (आइसीआरसी) का प्रतिनिधिसँग भेटवार्ता गर्नुभएको राष्ट्रपति कार्यालयले जनाएको छ। सन् २०२१ मा भएको सैन्य 'कू' पछि सु ची र कुनै विदेशी प्रतिनिधिबीच भएको यो पहिलो सार्वजनिक भेटवार्ता हो।

राष्ट्रपति कार्यालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ, "म्यानमास्थित आइसीआरसीका आवासीय प्रतिनिधि आर्नोद डे बाकले आज बिहान दाव आङ सान सु चीलाई भेट गर्नुभयो।"

सेनाले सन् २०२१ फेब्रुअरीमा सु ची नेतृत्वको निर्वाचित सरकार अपदस्थ गरेपछि उहाँलाई पक्राउ गरी विभिन्न आरोपमा जेल चलान गरेको थियो। उक्त घटनापछि म्यानमामा गृहयुद्ध चर्किएको छ।

सैन्य सरकारले गराएको सीमित र नियन्त्रित निर्वाचनपछि अप्रिलमा सैन्य प्रमुख मिन आङ ह्लाइङलाई नागरिक राष्ट्रपति बनाइएको थियो। त्यसको केही समयपछि उहाँले सु चीको बाँकी सजाय घटाएर उहाँलाई घरमै नजरबन्दमा राख्ने निर्णय गर्नुभएको थियो।

८१ वर्षीया सु चीमाथि लगाइएका विभिन्न आरोपलाई अधिकारवादी समूहले राजनीतिक उद्देश्यबाट प्रेरित र बनावटी भएको बताउँदै आएका छन्।

राष्ट्रपति कार्यालयले सार्वजनिक गरेका तस्बिरमा सु चीले डे बाक जस्तै देखिने एक व्यक्तिसँग हात मिलाइरहेको देखिन्छ। अर्को तस्बिरमा उहाँले जन्मदिनको केक काटिरहेको देखाइएको छ भने एउटा केकमा 'ह्याप्पी बर्थडे आन्टी सु' लेखिएको देखिन्छ।

एएफपीले ती तस्बिरको स्वतन्त्र रूपमा पुष्टि गर्न सकेको छैन। यद्यपि, कृत्रिम बुद्धिमत्ता (एआई) उपकरणमार्फत गरिएको प्रारम्भिक परीक्षणमा तस्बिरहरूमा कृत्रिम हेरफेर गरिएको स्पष्ट प्रमाण नभेटिएको जनाइएको छ।

## हर्मुज खुला नभएको इरानको स्पष्टोक्ति

तेहरान, १८ साउन (रासस/एएनआई)।

इरानले ओमानसँग नयाँ समुद्री यातायात मार्गसम्बन्धी भएको प्राविधिक समझदारीलाई लिएर हर्मुज जलघाँटी पुनः सञ्चालन हुन लागेको भन्ने व्याख्या अस्वीकार गर्दै जलघाँटी अझै बन्द नै रहेको र त्यसलाई खोल्ने निर्णय पूर्णतः अलग विषय भएको स्पष्ट गरेको छ। इरानले जलघाँटी बन्द रहनुको कारण अमेरिकाको नाकाबन्दी, सम्झौता उल्लङ्घन तथा आफूविरुद्ध जारी शत्रुतापूर्ण गतिविधिलाई जिम्मेवार ठहर गरेको छ।

इरानको सरकारी सञ्चारमाध्यम आइआरआइबीसँगको अन्तर्वार्तामा विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघाईले ओमानसँगको सहमति सुरक्षित समुद्री मार्ग व्यवस्थापनका लागि आवश्यक प्राविधिक पूर्वशर्त मात्र भएको बताउनुभयो। उहाँका अनुसार यसलाई हर्मुज जलघाँटी पुनः खोल्ने निर्णयका रूपमा बुझ्न मिल्दैन।

उहाँले अमेरिकी अधिकारीहरूको पछिल्ला अभिव्यक्ति र चेतावनीले इरानको नीति परिवर्तन नहुने उल्लेख गर्दै राष्ट्रिय सुरक्षा र राष्ट्रिय हितका आधारमा मात्र निर्णय लिइने बताउनुभयो। इरान कुनै पनि बाह्य दबाबबाट प्रभावित नहुने उहाँको भनाइ थियो।

बाघाईका अनुसार सुरक्षित समुद्री मार्ग निर्माणसम्बन्धी इरान–ओमान वार्ता अप्रिल ८ मा भएको युद्धविरामसम्बन्धी समझदारीपछि सुरु भएको थियो भने जुन १८ को सहमतिपछि थप तीव्र बनेको हो। दुवै देशले पुरानो उत्तरी मार्ग र असुरक्षित दक्षिणी मार्गको विकल्पका रूपमा नयाँ 'ट्राफिक सेपरेसन स्किम' (टीएसएस) तयार गर्ने विषयमा छलफल गरिरहेका छन्।

उहाँले हर्मुजको अवस्थालाई मे ३० अघिको अवस्थामा फर्काउने कुनै योजना नरहेको स्पष्ट पार्दै विगतका महिनाका घटनाले नयाँ सुरक्षा संयन्त्रको आवश्यकता देखाएको बताउनुभयो। इरानको सार्वभौम अधिकारको पूर्ण सम्मान सुनिश्चित भएपछि मात्र जलघाँटी पुनः सञ्चालनबारे निर्णय हुन सक्ने उहाँले उल्लेख गर्नुभयो। ओमानसँग भइरहेको वार्ता विशुद्ध द्विपक्षीय विषय भएको र त्यसमा तेस्रो पक्षको कुनै भूमिका नरहेको उहाँको भनाइ थियो।

ओमानसँगको प्राविधिक छलफल सकारात्मक रूपमा अघि बढिरहेको स्वीकार गर्दै बाघाईले त्यसलाई जलघाँटी खुल्ने वा बन्द रहने निर्णयसँग जोड्न नहुने दोहोऱ्याउनुभयो। उहाँका अनुसार नयाँ समुद्री मार्गसम्बन्धी समझदारी आवश्यक शर्त भए पनि जलघाँटी पुनः सञ्चालनका लागि त्यो मात्र पर्याप्त आधार होइन।

प्रवक्ताले हालै इरानी पूर्वाधार तथा केशम टापुका आवासीय क्षेत्रमाथि भएको अमेरिकी सैन्य आक्रमणको प्रसङ्ग उठाउँदै इरानले क्षेत्रीय मुलुकहरू तथा बुल्गेरिया, बेलायत र युक्रेनलगायत केही देशलाई आफ्नो भूमि वा सैन्य सुविधा इरानविरुद्ध प्रयोग गर्न नदिन कूटनीतिक माध्यमबाट चेतावनी दिएको जानकारी दिनुभयो।

संयुक्त राष्ट्रसङ्घको महासभाले आक्रमणको परिभाषासम्बन्धी पारित गरेको प्रस्ताव उद्धृत गर्दै उहाँले कुनै देशले आक्रमणकारीलाई सैन्य अड्डा, सुविधा वा रसद उपलब्ध गराए त्यस्तो देश पनि आक्रमणमा संलग्न मानिने र इरानले आत्मरक्षाको अधिकार प्रयोग गर्न सक्ने बताउनुभयो।

# मधेस प्रदेशमा मानवअधिकार उल्लङ्घनसम्बन्धी ३९ उजुरी दर्ता




जनकपुरधाम,१८ साउन (रासस)।

राष्ट्रिय मानवअधिकार आयोगको मधेश प्रदेश कार्यालय जनकपुरधाममा आर्थिक वर्ष २०८२/८३ मा ३९ वटा मानवअधिकार उल्लङ्घनसम्बन्धी उजुरी दर्ता भएका छन्।

नागरिकका आधारभूत अधिकार, महिला तथा बालअधिकार, जातीय भेदभाव, आर्थिक तथा सामाजिक अधिकार र यातनाविरुद्धका विषयमा उल्लेख्य उजुरी प्राप्त भएको आयोगका प्रमुख बुद्धनारायण सहनी केवटले जानकारी दिनुभयो।

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धीको महासन्धिअन्तर्गत १७, घरेलु हिंसा, लैङ्गिक विभेद, शारीरिक तथा मानसिक यातना, सामाजिक बहिष्कार र महिलामाथि हुने हिंसाका सात वटा उजुरी दर्ता भएका छन्।

त्यसैगरी बालबालिकामाथि हुने तीन, जातीय विभेद, सामाजिक बहिष्कार तथा समान व्यवहार नपाएकाको दुई, स्वास्थ्य, शिक्षा, रोजगारी, खाद्य सुरक्षा, आवास तथा सामाजिक सुरक्षाजस्ता आधारभूत सेवामा पहुँच नपाएका आठ र यातनाविरुद्धको अधिकारसम्बन्धी महासन्धिअन्तर्गत तीनवटा उजुरी दर्ता भएका छन्।

आर्थिक वर्ष २०८२/८३ मा ११० वटा उजुरीको छानबिन तथा अनुसन्धान सम्पन्न गरी अन्तिम निर्णयका लागि आयोगको केन्द्रीय कार्यालय पठाइएको प्रमुख केवटले जानकारी दिनुभयो।

आयोगले ३७७ वटा उजुरीको विस्तृत छानबिन तथा अनुसन्धान गरिरहेको छ।

उजुरीमा सम्बन्धित निकायसँग विवरण माग्ने, पीडित तथा सरोकारवालासँग बयान लिने, घटनास्थल निरीक्षण गर्ने तथा आवश्यक समन्वयात्मक प्रक्रिया अघि बढाइएको छ।

प्रमुख केवटले आयोगमा धेरैजसो प्रहरीमा जाहेरी दर्ता नभएको, जाहेरी दर्ता भए पनि अनुसन्धान प्रभावकारी नभएको, पीडितले न्याय पाउन कठिनाइ भोगेको, प्रशासनिक निकायबाट समयमै सुनुवाइ नभएको तथा सरकारी सेवामा पहुँचसम्बन्धी समस्या रहेका विषयमा उजुरी आउने गरेको बताउनुभयो।

मधेस प्रदेशमा पछिल्लो समय सामाजिक तनाव, लैङ्गिक हिंसा, जातीय विभेद, प्रशासनिक लापरबाही तथा न्यायमा पहुँचसम्बन्धी समस्याका कारण मानवअधिकारसम्बन्धी गुनासो बढ्दै गएको सरोकारवाला बताउँछन्।

# तीस महिनामा सम्पन्न हुनुपर्ने ६२ किमी हुलाकी सडक दस वर्षमा बनेन

महेन्द्रनगर, १८ साउन (रासस)।

चट्टानी पहाड, भौगोलिक विकटता तथा अवरोध नहुँदा पनि कञ्चनपुरको ६२ किलोमिटर हुलाकी सडक साढे नौ वर्ष बितिसक्दा पनि सम्पन्न हुन सकेन।

पटक/पटक ठेक्काको म्याद थपेर निर्माण व्यवसायीलाई काम गर्ने मौका पनि दिइयो। स्थानीयवासीदेखि सांसद, मन्त्रीदेखि राजनीतिज्ञहरूले समेत काम समयमा सम्पन्न गराउन आग्रह गरे तर अझै हुलाकी सडक नयाँ ठेक्का प्रक्रियामा रुमलिएको छ।

तीस महिना भित्र निर्माण सक्ने गरी २०७३ फागुनको तीन चरणमा ठेक्का सम्झौता भई निर्माण सुरु भएको जिल्लाको दक्षिण क्षेत्रको हुलाकी सडक अझै पूरा हुन सकेको छैन।

"पटक/पटक सम्झौता गरेर सडकको पहिलो र अन्तिम प्याकेज (डोकेबजार-बेलौरी र बेल्डाडी-दैजी खण्ड) सकिए पनि बीचको प्याकेज पुनः नयाँ ठेक्का दिने प्रक्रियामा छौँ," हुलाकी राजमार्ग योजना कार्यालय धनगढीका प्रमुख मुकुन्दप्रसाद लामिछानेले भन्नुभयो, "यो योजना समयमा सम्पन्न नहुनुमा ठेकेदारको प्राथमिकतामा परेन, हामीले काम गर्ने सबै खाले वातावरण तयार गरेर दिंदा पनि उनीहरू कामप्रति गम्भीर भएनन्।"

डोकेबजारदेखि बेलौरीसम्मको पहिलो प्याकेज (२० किमी) सडक, सडक डिभिजन कार्यालय महेन्द्रनगरलाई हस्तान्तरणको प्रक्रियामा रहेको उहाँको भनाइ छ।

"अन्तिम २४ किलोमिटर बेल्डाडी-दैजी खण्डको काम पनि सकिएर डिएलपी (त्रुटि दायित्व अवधि)मा छ।" प्रमुख लामिछानेले भन्नुभयो, "म्याद थप, भुक्तानीलगायतका काममा कार्यालयबाट पूर्ण सहयोग रहँदा पनि ठेकेदारले पेटी ठेकेदार राख्ने। कामको भुक्तानी नदिनेलगायतका बदमासीले वर्षौंसम्म योजना सकिएन।"

उहाँले योजनाअन्तर्गत बेलौरीदेखि बेल्डाडीसम्मको बीचको प्याकेजअन्तर्गत निर्माण कम्पनी बाबा हंस सिद्धिसाई जेभीले ११ किलोमिटर सडक कालोपत्रे बनाए पनि धेरै ठाउँमा भत्किसकेको बताउनुभयो। "सो प्याकेजमा ठेकेदारले लापरबाही गरेपनि ठेक्का तोडेर अहिले नयाँ ठेक्काका लागि स्टिमेट तयार गरिरहेका छौँ। डेढ महिनाभित्र नयाँ ठेक्का खुल्छ," उहाँले भन्नुभयो, "सोही खण्डमा भारतले दशगजालगायत सीमा विवाद गर्दा एक पचुई क्षेत्रमा एक हजार ४०० मिटर खण्ड कालोपत्रे गर्न नसकिने भयो। त्यो भाग छोडेर काम अघि बढाइनेछ।"

नयाँ ठेक्का आह्वान गर्नुपर्ने बीचको प्याकेज यसअघि रु ४१ करोडमा ठेक्का सम्झौता भएको थियो। भने हुलाकी सडक कार्यालयबाट निर्माण व्यवसायीले रु २८ करोड भुक्तानीसमेत लिइसकेको थियो।

यहाँको बेलौरी नगरपालिकाका उपप्रमुख जोगराम चौधरीले बेलौरी-बेल्डाडी खण्डको निर्माण पूरा गर्न धेरै पटक पहल भएपनि सडक नबनेको दुःखेसो पोख्नुभयो। "हामीले यो बीचको अवधिमा मन्त्रीदेखि प्रधानमन्त्रीसम्मलाई सडक निर्माणका विषयमा ज्ञापन बुझायौं," उहाँले भन्नुभयो, "भारतीय पक्षबाट अवरोध भएको भागमा कालोपत्रे गर्न भारतीय एसएसबीसँग पनि पहल गर्यौं तर उपलब्धि भएन।" उहाँले उक्त सडकखण्ड अहिले हिलाम्मे हुँदा स्थानीयवासीलाई हिँड्डुलमा समेत समस्या रहेको बताउनुभयो। "हुलाकी सडक योजना कार्यालयबाट नयाँ ठेक्का हुँदैछ भन्ने सुनिएको छ," उहाँले भन्नुभयो, "नयाँ ठेक्का खुलेपछि व्यवस्थित गर्दै समयमा निर्माण सक्नेगरी लाग्नुपर्छ। यो सडक नबन्दा जनप्रतिनिधिको पनि बेइज्जतको स्थिति भइसक्यो। सडक सम्पन्न नहुँदा दुःखी छौँ।"

# सव-डिभिजन वन कार्यालय बन्दीपुरका प्रमुखविरूद्ध भ्रष्टाचार मुद्दा दायर

**दैनिक समाचारदाता**
**सिरहा, १८ साउन।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जिल्ला सिरहा जिल्लाको सव-डिभिजन वन कार्यालय, बन्दीपुरका कार्यालय प्रमुख (अधिकृत आठौं) राम केवल राय यादवविरूद्ध सोमबार विशेष अदालत, काठमाडौँमा भ्रष्टाचार मुद्दा दायर गरेको छ।

आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार उद्योगका लागि ल्याइएको काठ सिलबन्दीअनुसार भए/नभएको रुजु गरी सम्बन्धित कागजातसहितको फाइल फिर्ता गर्ने क्रममा सेवाग्राहीलाई दुःख हैरानी दिई घुस मागेको भन्ने सूचना तथा उजुरीका आधारमा आयोगको कार्यालय, बर्दिबासबाट खटिएको टोलीले उनलाई सेवाग्राहीबाट १२ हजार घुस लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको थियो।

अनुसन्धानबाट कार्यालय प्रमुख रायले काष्ठ उद्योगमा ल्याइएका काठ बोकेका ट्रकहरूको सिल खोलेको मुचुल्का गरिदिएवापत विभिन्न बहाना बनाई सेवाग्राहीलाई दुःख हैरानी दिँदै बार्गेनिङ गरी १२ हजार घुस लिएको पुष्टि भएको आयोगको दावी छ।

आयोगले उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिमको कसुर भएको ठहर गर्दै बिगो १२ हजार कायम गरी सोही ऐनबमोजिम कैद तथा बिगो बराबर जरिवानाको सजाय मागदावी सहित आज विशेष अदालत, काठमाडौँमा आरोपपत्र दायर गरेको जनाएको छ।

# पेट्रोलियम पदार्थको मूल्य बढ्यो

**दैनिक समाचारदाता**
**राजविराज, १८ साउन।**

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेको छ। आइतबार राति १२ बजेर १ मिनेटदेखि लागू हुनेगरी पेट्रोल, डिजेल, मट्टितेल र हवाई इन्धनमा मूल्यवृद्धि भएको निगमले जनाएको छ।

निगमले पेट्रोल प्रतिलिटर तीन, डिजेल र मट्टितेल पाँचले वृद्धि गरेको छ। यस्तै, हवाई इन्धन आन्तरिकतर्फ २० र अन्तरराष्ट्रियतर्फ प्रतिकिलोलिटर अमेरिकी डलर १३१ ले वृद्धि भएको छ।

नयाँ मूल्यसूचीअनुसार पेट्रोल र डिजेलको मूल्य काठमाडौँ, पोखरा र दिपायलमा प्रतिलिटर रु २०० पुगेको छ। सुर्खेत र दाङमा रु १९९ कायम भएको छ।

त्यस्तै, चारआली, विराटनगर, जकपुर, अमलेखगन्ज, भलवारी, धनगढी र बीरगन्जमा १९७ रुपैयाँ ५० पैसा पुगेको छ। खाना पकाउने एलपी ग्यासको मूल्य भने यथावत् राखिएको निगमले जनाएको छ। यसअघि पेट्रोल प्रतिलिटर १९७ र डिजेल/मट्टितेल प्रतिलिटर १९५ रहेको थियो।

# स्रोत नखुलेको भारतीय रकमसहित दुई जना नियन्त्रणमा

बीरगञ्ज (पर्सा), १८ साउन (रासस)।

प्रहरीले स्रोत नखुलेको भारतीय रकमसहित दुई जनालाई नियन्त्रणमा लिएको छ। जिल्ला प्रहरी कार्यालय मातहतको इलाका प्रहरी कार्यालय जानकी टोलबाट खटिएको प्रहरीले विशेष सूचनाका आधारमा पर्साको जगरनाथपुर गाउँपालिका-२ नहर सडकखण्डमा ना१०प ४४६९ नम्बरको मोटरसाइकलमा जाँच गर्दा स्रोत नखुलेको भारतीय रकम भेटिएको हो।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले मोटरसाइकलमा सवार मकवानपुरको राक्सिराङ गाउँपालिका-२ घर भई चितवनको माडी नगरपालिका-९ हनुमानझुला बस्ने ४२ वर्षीय दिपेश हिमडुङ र सोही स्थानका २६ वर्षीय तिलक हिमडुङलाई खानतलासी गर्दा निजहरूका साथबाट स्रोत नखुलेको प्रतिबन्धित भारतीय रकम फेला परेको जानकारी दिनुभयो।

उहाँका अनुसार रु ५०० दरका नोट ३१६ थान, रु २०० दरका ७५ थान नोट, रु १०० दरका नोट ३६५ थान भारतीय रकम फेला परेकाले प्रतिबन्धित भारतीय नोटसहित दिपेश र तिलकलाई नियन्त्रणमा लिइ थप अनुसन्धान भइरहेको उहाँले बताउनुभयो। निजहरूका साथबाट ना१०प ४४६९ नम्बरको मोटरसाइकल पनि बरामद गरिएको उहाँको भनाइ छ।

# 'देश र कांग्रेस जोड्न साउन २० गते राष्ट्रिय भेला'

काठमाडौँ, १८ साउन (रासस)।

नेपाली कांग्रेसमा विशेष महाधिवेशनबाट निर्वाचित र १४औँ महाधिवेशनबाट निर्वाचित नेतृत्वबीच विवाद भइरहँदा दुवै पक्षलाई जोड्नुपर्छ भन्ने अभियानले यही साउन २० गते राजधानीमा राष्ट्रिय भेला आयोजना गर्ने घोषणा गरेको छ।

'देश र कांग्रेस जोड्ने अभियान'ले आइतबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा कांग्रेस एक हुनुपर्छ भन्ने पक्षधरका नेता कार्यकर्ताको भेला राजधानीमा आयोजना गर्न लागिएको जानकारी दियो। पत्रकार सम्मेलनमा राष्ट्रियसभा सदस्य समेत रहनुभएका कांग्रेस नेता रञ्जित कर्णले पार्टी सभापति गगनकुमार थापा र शनिबार चुनदेवीको पत्रकार सम्मेलनबाट संयोजक घोषणा गरिनुभएका डा शशाङ्क कोइराला पार्टी एक बनाउन लाग्नुपर्ने बताउनुभयो।

पूर्व केन्द्रीय सदस्य नैनसिंह महरले कांग्रेस कमजोर हुँदा लोकतन्त्र र राष्ट्रियता कमजोर हुने गरेकाले कांग्रेसलाई एक बनाउन दबाब दिने उद्देश्यले साउन २० गते भेला गर्न लागिएको जानकारी दिनुभयो। पार्टी एकताको आवश्यकता देखेर कांग्रेस जोड्ने अभियान आइतबारदेखि सुरु गरिएको उहाँले बताउनुभयो। भेलामा सहभागी हुन एक हजार ३५९ प्रतिनिधिले नाम दर्ता गराएका नेता महरले बताउनुभयो।

कार्यक्रममा तनहुँको भानु नगरपालिकाका नगरप्रमुख आनन्द त्रिपाठीले कांग्रेस एक बनाएर देश र कांग्रेस जोड्ने अभियानमा साथ दिन देशभरका जनप्रतिनिधिलाई आग्रह गर्नुभयो।

### *'ज्वाइन्ट अपरेसन सेल' ...*

प्रशासनले सामाजिक सञ्जालको दुरुपयोग गरी साम्प्रदायिक सद्भाव भड्काउने, भ्रामक हल्ला फैलाउने र उच्छृङ्खल गतिविधि गर्ने जोसुकैलाई कानुनबमोजिम कारबाही गरिने प्रहरी प्रवक्ता घिमिरेको भनाइ छ।

### *घटनाको सत्यतथ्य ...*

लगायतका चाड पर्व आउन लागेको छ, उनले भने-पुनः यस्तो घटना दोहोरिन नदिन तथा समाजमा आपसी सदभाव कायम गर्न सबैले आ-आफ्नो ठाउँबाट इमान्दार प्रयास र भूमिका खेल्नु जरुरी छ।"

### *सप्तरीको दुबै ...*

भएपश्चात् मधेस प्रदेशमा लयमा फर्किन थालेको हो। धनुषा, सिरहा र सप्तरीका केही क्षेत्रमा स्थानीय प्रशासनले जारी गरेको कर्फ्यु तथा निषेधाज्ञा हटेको छ। उक्त स्थलमा यातायातका साधन सञ्चालन हुनाका साथै बजार सञ्चालनमा आएको छ।

सम्बन्धित जिल्लाका स्थानीय प्रशासनले अफवाहमा विश्वास नगर्न र सामाजिक सद्भाव कायम राख्न सबै पक्षलाई सूचना जारी गर्दै आग्रह गरेको छ।

सुनसरीको देवानगंज तथा सिरहाको गोलबजारमा क्रमशः साउन १० र साउन १४ गते भएको हिंसक घटनामा तीनजनाको ज्यान गएपछि मधेश प्रदेशका जिल्लामा तनाव बढेको थियो।

**प्रकाशक/सहसम्पादक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट :** संजय शंखर
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, **फोन :** ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*